# भाग ४

## श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

खण्ड ३५, मिति २०४२।१।१०, संख्या २ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको स्थानीय भत्तासम्बन्धी सूचनामा मिति २०४२।४।१ देखि लागू हुने गरी निम्न लेखिएबमोजिम प्रष्ट गरिएको छ ।

१. स्थानीय भत्ता पाउने जिल्लाहरूमा बहाल भई काम गरिरहेको कर्मचारी सो जिल्लामा वा अन्यत्र गई घर बिदा, बिरामी बिदा, भैपरी आउने बिदा, पर्व बिदा, क्रिया बिदा, सुत्केरी बिदा बसेकोमा स्थानीय भत्ता पाउनेछन् । अध्ययन बिदा, विदेशमा अध्ययन काज, विशेष बिदा र असाधारण बिदा बसेकोमा भने पाउने छैनन् ।

२. स्थानीय भत्ता पाउने जिल्लामा बहाल रहेका कर्मचारी आफ्नो कार्यालयको काममा दैनिक भत्ता पाउने गरी जिल्लाभित्र भ्रमणमा जाँदा स्थानीय भत्ता पाउनेछन् । आफू बहाल रहेको कार्यालयसम्बन्धी कामको सिलसिलामा आफू बहाल रहेको जिल्लाबाहेक अन्यत्र जिल्लामा काजमा जाँदा बढीमा एक महिनासम्मको लागि मात्र आफू बहाल रहेको जिल्लाको स्थानीय भत्ता पाउनेछन् । एक महिनाभन्दा बढी अवधि भएमा त्यसरी काजमा रहेको स्थानको स्थानीय भत्ता पाउनेछ ।

३. यसभन्दा अघि स्थानीय भत्ता सम्बन्धमा प्रष्ट गर्न गरिएका परिपत्र सूचनाहरू यस सूचनामा बाझिए जति सबै खारेज गरिएका छन् ।

आज्ञाले,
वासुदेव प्रधान
श्री ५ को सरकारको का. मु. सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३०४